**प्रेस विज्ञप्ति**
**२०८३, असार ५**

द्वन्द्वकालीन यौन हिंसा उन्मूलनसम्बन्धी अन्तर्राष्ट्रिय दिवसको सन्दर्भमा नेपालमा सशस्त्र द्वन्द्व (२०५२–२०६२/६३) को क्रममा भएका द्वन्द्वसम्बन्धी यौनजन्य हिंसाका हजारौं पीडित र प्रभावितहरू प्रति राज्यले निरन्तर देखाउँदै आएको अन्याय र चरम उपेक्षातर्फ यहाँको ध्यानाकर्षण गराउन चाहन्छौं। साथै उहाँहरू आजसम्म पनि आफूहरूले भोगेको हिंसाका परिणामहरूसँग दैनिक जीवन बिताउन बाध्य रहेको यथार्थलाई स्मरण गराउन चाहन्छौं । त्यस द्वन्द्वमा बलात्कार तथा यौनजन्य हिंसा भयावह र व्यापक रूपमा भएको थियो तर दुई दशक बितिसक्दा पनि प्रभावितहरूले न्याय वा परिपूरण प्राप्त गर्न सकेका छैनन्। यस हिंसाको असमान भार मुख्यतः महिला र  बालिकाहरूले बेहोरेका थिए, तर पुरुष र बालकहरू पनि यसका प्रभावित हुन्। यी यथार्थहरूलाई सहानुभूतिपूर्वक स्वीकार गर्दै तिनको सामना गर्न सकेमा मात्र हामी यौनजन्य हिंसा, विशेषगरी द्वन्द्वका सन्दर्भहरूमा हुने यौनजन्य हिंसालाई सामाजिक विषयको रुपमा सम्बोधन गर्न, यसको रोकथाम गर्न र अन्ततः उन्मूलन गर्नेतर्फ अघि बढ्न सक्छौं ।

बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन (संक्रमणकालीन ऐन) २०७१ को तेस्रो संशोधनले द्वन्द्वकालीन यौन हिंसाका लागि अन्तरिम राहतसहित परिपूरणलाई अधिकारका रूपमा मान्यता दिए पनि हालसम्म कुनै पनि द्वन्द्वप्रभावितले कुनै प्रकारको क्षतिपूर्ति प्राप्त गर्न सकेका छैनन् । बलात्कारबाट जन्मिएका बालबालिका (सिबिआर) भएका द्वन्द्वप्रभावितहरू र ती बालबालिकाहरू, जसले आफ्नै छुट्टै कलंक र पीडाको सामना गर्नुपरेको छ, राज्यबाट कुनै पनि प्रकारको सहयोग पाएका छैनन् । धेरै पीडित प्रभावितहरू बेपत्ता पारिएका व्यक्तिका पत्नी वा आफन्तहरू पनि हुन्, जसले सम्पत्ति हस्तान्तरण, अवकाशमा पहुँच वा आफ्ना बालबालिकाको जन्मदर्ता गर्ने, नागरिकता प्राप्त गर्ने जस्ता कानुनी चुनौतीहरू भोग्नुपरेको छ, किनभने नेपालको जन्म, मृत्यु र अन्य व्यक्तिगत घटना दर्ता ऐनले व्यक्ति बेपत्तालाई मान्यता दिँदैन।

वि.सं. २०८२ को संक्रमणकालीन न्यायसम्बन्धी ऐनको संशोधनले द्वन्द्वकालीन यौन हिंसासम्बन्धी उजुरी दर्ताका लागि पुनः अवसर प्रदान गरे पनि एकपटक मात्र लागू हुने र तीन महिनाको कडा हदम्याद तोकेको थियो, जुन अवधि अहिलेसमाप्त भइसकेको छ। हाल करिब ४,००० मुद्दाहरू सत्य निरूपण तथा मेलमिलाप आयोग (टीआरसी) समक्ष रहेका छन्, जसमध्ये अधिकांश २०८२ साल पछि द्वन्द्व पीडित तथा प्रभावितहरूकोसंस्थाहरूले दर्ता गरेका हुन्। यी उजुरीहरूमा द्वन्द्वप्रभावितहरूको पहिचान सम्बन्धी विवरणहरू लैङ्गिक, आघात-संवेदनशीलता, गोपनीयता र सुरक्षासम्बन्धी पर्याप्त प्रक्रियागतसुनिश्चिता नभएसम्म गोप्य राखिएको छ। प्रक्रियामा सुरक्षा र संरक्षणको सुनिश्चितता नभएमा द्वन्द्वप्रभावितहरूबहिष्करण, पुनः आघात र थप क्षतिको जोखिममा रहिरहन्छन् ।

वि.सं. २०८२ को चैत्रमा गठन भएको नयाँ सरकारले द्वन्द्वपीडित र नागरिक समाजमा आशा जगाएको थियो। यद्यपि, संक्रमणकालीन न्यायलाई सरकारले १०० दिने कार्ययोजनामा प्राथमिकतामा राखेन। नेपाल सरकारको कानुन, न्याय र संसदीय मामिला मन्त्रीले सार्वजनिक रूपमा संक्रमणकालीन न्यायलाई प्राथमिकता दिने प्रतिबद्धता व्यक्त गरेपनि, पीडित समूहहरूले मन्त्रालयसँग औपचारिक संलग्नताको लागि गरेको अनुरोधको हालसम्म कुनै जवाफ प्राप्त भएको छैन । यसैबीच आर्थिक वर्ष २०८३/८४ का लागि सरकारको वार्षिक नीति तथा कार्यक्रममा संक्रमणकालीन न्याय प्रक्रिया पूरा गर्ने प्रतिबद्धता उल्लेख भए पनि २०८३ जेठ १५ मा घोषणा गरिएको राष्ट्रिय बजेटमा त्यसको लागि कुनै पनि बजेट विनियोजन गरिएको छैन। यी प्रतिबद्धताहरूलाई व्यवहारमा रूपान्तरण गर्न निश्चित र निरन्तर बजेट र प्राविधिक विज्ञता सहितका अन्य स्रोतहरूको आवश्यकता पर्दछ।

आदेशमार्फत आयुक्त हटाउने विषयमा उत्पन्न विवाद हाल सर्वोच्च अदालतको संवैधानिक इजलासमा विचाराधीन रहेकोले पहिले नै अवरुद्ध प्रक्रियामा थप अनिश्चितता थपिएको छ। तथापि, सत्य निरुपण तथा मेलमिलाप आयोग तथा बेपत्ता पारिएका व्यक्तिहरूको छानबिन आयोगमा भएका राजनीतिक नियुक्तिहरू रद्द गरिनु संक्रमणकालीन न्याय प्रक्रियाको विश्वसनीयता पुनःस्थापनातर्फको महत्वपूर्ण कदमका रूपमा हेरिएको छ। यो अघिल्ला सरकारहरूले संस्थागत बनाएको दण्डहीनताको संस्कृतिबाट बाहिर निस्कने महत्वपूर्ण अवसर हो। त्यसका लागि स्वतन्त्र, सक्षम, विश्वसनीय, उत्तरदायी तथा लैङ्गिक रूपमा उत्तरदायी सत्य निरुपण तथा मेलमिलाप आयोग तथा बेपत्ता पारिएका व्यक्तिहरूको छानबिन आयोग तत्काल गठन गरिनुपर्छ।

सत्तारुढ दलको झण्डै दुई तिहाइ बहुमतले विश्वसनीय संक्रमणकालीन न्याय आयोग पुनर्गठन र सत्य निरुपण तथा मेलमिलाप आयोग ऐनलाई अन्तर्राष्ट्रिय मानव अधिकार मापदण्डअनुसार संशोधन गर्ने ऐतिहासिक अवसर प्रदान गरेको छ । संशोधनमा यौन हिंसाको परिभाषाबाट "गम्भीर" भन्ने शब्द हटाइनुपर्छ। द्वन्द्वसँग सम्बन्धित यौन हिंसालाई स्पष्ट रूपमा युद्ध अपराध तथा मानवताविरुद्धको अपराधका रूपमा मान्यता दिइनुपर्छ र उजुरी दर्ताको हदम्याद स्थायी रूपमा हटाइनुपर्छ । नेपालको सन्दर्भमा द्वन्द्वसँगसम्बन्धित यौन हिंसाको प्रणालीगत तथा व्यापक स्वरूपलाई ध्यानमा राख्दा युद्ध अपराध र मानवताविरुद्धको अपराधलाई ऐनबाट बाहिर राखिनु गम्भीर कमजोरी हो ।

देशको आर्थिक, संस्थागत, राजनीतिक र नैतिक अवस्था तथा भ्रष्टाचार बाट निराश युवाहरूको आशाबाट बनेको वर्तमान सरकार एक निर्णायक मोडमा उभिएको छ। यसले विगत दुई दशकदेखि राज्यको प्रतिक्रियालाई

परिभाषित गर्दै आएको अनैतिक बेवास्ता र उपेक्षाको अवस्थालाई परिवर्तन गर्न सक्छ । यही विश्वास र सामूहिक उत्तरदायित्वको भावनासहित हामी सरकारलाई निम्न कार्य गर्न आग्रह गर्दछौं ।

- देशको संक्रमणकालीन न्याय प्रक्रियालाई उच्च प्राथमिकतामा राखी पर्याप्त आर्थिक तथा संस्थागत स्रोत सुनिश्चित गर्ने तथा द्वन्द्वपीडित र द्वन्द्वसँग सँबन्धित यौन हिंसाका पीडित प्रभावित समूहहरूसँग नियमित संवादगरियोस् ।

- राजनीतिक हस्तक्षेपमुक्त, पारदर्शी तथा द्वन्द्वसँग सम्बन्धित यौन हिंसाका पीडित प्रभावितको अर्थपूर्ण सहभागीता सुनिश्चित गर्दै सत्य निरुपण तथा मेलमिलाप आयोग तथा बेपत्ता पारिएका व्यक्तिहरूको छानबिन आयोगमा पदाधिकारी नियुक्ति प्रक्रिया तत्काल सुरु गर्ने तथा पीडित-केन्द्रित आयोग स्थापना गरियोस्।

- संक्रमणकालीन न्याय प्रक्रियामा सहभागी सबै द्वन्द्वसँग सम्बन्धित यौन हिंसाका पीडित प्रभावितहरूका लागि गोपनीयताको व्यवस्था र मनोसामाजिक सहयोगसहित सुरक्षा मापदण्ड तत्काल लागू गरियोस्।
- द्वन्द्वसँग सम्बन्धित यौन हिंसाका पीडित प्रभावितहरूको तत्काल आवश्यकता सम्बोधन गर्न अन्तरिम परिपूरणका उपायहरू लागू गर्ने, जसमा स्वास्थ्य तथा मनोसामाजिक सेवा समावेश होस ।, साथै पीडितको अधिकारमा आधारित, सह-निर्मित परिपूरण नीति विकास गर्ने, जसले विशेषतः द्वन्द्वसँग सम्बन्धित यौन हिंसाका पीडित प्रभावितहरू, मृतक तथा बेपत्ता व्यक्तिका परिवार र द्वन्द्वजन्य अपाङ्गता भएका व्यक्तिहरूलाई प्राथमिकता देओस् ।

- सत्य निरुपण तथा मेलमिलाप आयोग ऐनलाई अन्तर्राष्ट्रिय मानव अधिकार मापदण्ड अनुसार संशोधन गरी द्वन्द्वसँग सम्बन्धित यौन हिंसा सम्बन्धी विषयहरूलाई पीडित प्रभावित मैत्री तथा लैङ्गिक रूपमा संवेदनशील प्रक्रियाबाट सम्बोधन गरियोस्। यसमा बलात्कार तथा द्वन्द्वसँग सम्बन्धित यौन हिंसाको मुद्दामा हदम्याद हटाउने तथा गोपनीय, आघात-संवेदनशील न्यायमा पहुँच सुनिश्चित गर्ने व्यवस्था समावेश गरियोस्।

- बलात्कारबाट जन्मिएका सन्तानको अधिकारलाई मान्यता र संरक्षण गरियोस्। जन्मदर्ता, नागरिकतामा पहुँच तथा सामाजिक कलंक र विभेदविरुद्ध कानुनी सुरक्षा सुनिश्चित गरियोस्।

लैङ्गिक न्यायको लागि अभियान

**Initiatives for Gender Justice**

लैङ्गिक तथा संक्रमणकालीन न्याय सञ्जाल
लैङ्गिक न्यायको लागि अभियान

# संक्रमणकालीन न्याय तथा लैङ्गिक न्याय सञ्जाल

Gender and Transitional Justice Network

- द्वन्द्वसँग सम्बन्धित यौन हिंसाका पीडित प्रभावितहरू र बलात्कारबाट जन्मिएका सन्तानकाको अनुभवलाई सम्मान गरियोस्। यो राज्य तर्फको जवाफदेहिता र परिपूरणको विकल्प नभई त्यसलाई पूरक हुने द्वन्द्वसँग सम्बन्धित यौन हिँसाका पीडित प्रभावितमैत्री स्मरण प्रक्रियालाई मान्यता र सहयोग गरियोस्।

लैङ्गिक तथा संक्रमणकालीन न्याय सञ्जालको सचिवालयको तर्फबाट
गीता रसाईली, अध्यक्ष, द्वन्द्व पीडित महिला राष्ट्रिय सञ्ज

**हस्ताक्षरकर्ताहरू**

CVWN — AMNESTY INTERNATIONAL NEPAL — ADVOCACY FORUM — FORUM FOR WOMEN, LAW AND DEVELOPMENT 1995

HUMAN RIGHTS AND JUSTICE CENTRE — इन्सेक INSEC — Nagarik Aawaz FOR PEACE — the story kitchen a space to amplify herstory

voices of women media — WOMEN'S REHABILITATION CENTRE NEPAL 1991 WOREC

लैङ्गिक न्यायको लागि अभियान

**Initiatives for Gender Justice**